





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख १ गते बिहीबार ❑ 14 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पर्यटकीय पूर्वाधारमा लगानी गर्न पर्यटनमन्त्रीको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले निकट भविष्यमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउने भएकाले सुविधा सम्पन्न पर्यटकीय पूर्वाधारमा लगानी वृद्धि गर्नुपर्ने बताउनुभएको छ।

होटल सङ्घ पोखराको आयोजनामा बुधबारदेखि फेवाताल किनार लेक-साइडमा सुरु भएको १७औं संस्करणको फेवा नव वर्ष महोत्सवको उद्घाटन गर्दै उहाँले निर्माणाधीन अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनसँगै पर्यटकको चाप बढ्ने भएकाले नयाँ नयाँ पर्यटकीय गन्तव्य खोजी गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल प्रारम्भपछि तपाई पर्यटन व्यवसायीहरुले नयाँ नयाँ गन्तव्य खोज्नुपर्ने हुन्छ। भोलिका दिनमा हामी यहाँबाट सिधै अष्ट्रेलिया, जापान र मुम्बई जान्छौँ, त्यहाँका पर्यटक आएपछि हामीले कहाँ राख्ने ? उच्च क्वालिटीका पर्यटकलाई सोही अनुसारका सेवा दिनुपर्दछ। पूर्वाधारका लागि तपाईहरू अगाडि बढ्नुहोस् ।"



मन्त्री आलेले अबको पाँच महिनाभित्रमा विमानस्थल उद्घाटन गरिने जानकारी दिनुभयो । "पोखरा क्षेत्रीय विमानस्थल छिटो सुचारु गर्नका लागि हामीले निरन्तर ताकेता गरिरहेका छौँ", पर्यटनमन्त्री आलेले भन्नुभयो, "हाल ९३ प्रतिशत काम सकिएको छ । अबको पाँच महिनाभित्रमा भव्य उद्घाटन गर्ने तयारीमा हामी छौँ।" मन्त्री आलेले विमानस्थलको समस्याका रुपमा रहेको रिठेपानी डाँडा कटान गर्ने काम सुरु गर्न छिटो छरितो रूपमा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) बाट निर्णय गराएर काम अघि बढाइने बताउँदै ल्याण्डफिल साइट व्यवस्थापनमा लाग्न स्थानीय सरकारलाई आग्रह गर्नुभयो । पोखरा पर्यटकको आकर्षक गन्तव्य रहेकाले पर्यटन व्यवसायीको मागअनुसार पोखरालाई पर्यटकीय राजधानी घोषणाको योजनामा सरकार रहेको मन्त्री आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "यति बेला आगामी वर्षको बजेटको तयारीमा सरकार लागेको छ।

पोखरालाई पर्यटन राजधानीको रुपमा नामकरण गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेर पास गर्ने र आउने नीति कार्यक्रममा त्यसलाई ल्याउने गरी काम गर्नेछौँ ।" होटल सङ्घ नेपालका प्रथम उपाध्यक्ष विनायक शाहले कोभिडका कारण सुस्ताएको नेपालको पर्यटन जुर्मुराउन थालेको र आन्तरिक पर्यटनले भरथेग गरेको बताउनुभयो । उहाँले छिमेकी मुलुक भारत र चीनका पर्यटक ल्याउनका लागि ती देशमा प्रवर्द्धनात्मक कार्यक्रम सरकारले सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "भारतमा यति बेला चर्को गर्मी बढेको र स्कुल तथा विद्यालयहरू बन्द हुँदा धेरै पर्यटक नेपाल आउन लालायित छन् । चिनियाँहरू पनि बुद्ध पूर्णिमामा नेपाल आउने इच्छा जाहेर गरेर सरकारबाट सहजीकरणको पर्खाइमा छन् । सरकारले यी देशबाट धेरैभन्दा धेरै पर्यटक ल्याउन पहल गर्नुपर्दछ।"

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्यद्वय दीपक कोइराला, राजीव पहारी, होटल सङ्घ नेपालका केन्द्रीय सदस्य भरतराज पराजुली, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईलगायतले पर्यटन प्रवर्द्धनमा महोत्सव फलदायी हुने बताउनुभयो । कोरोनाबाट शिथिल बनेको पोखराको पर्यटनलाई चलायमान बनाउँदै पर्यटन पुनः उत्थानको लक्ष्यसहित फेवाताल किनारमा नव वर्ष महोत्सव आयोजना गरिएको हो। नेपाली संस्कृतिको संरक्षण र खानाको प्रवर्द्धनको उद्देश्यसहित नेपाली नयाँ वर्षका अवसर पारेर आयोजना गरिएको महोत्सव वैशाख १ गतेसम्म लेक-साइडको फिस्टेल गेटदेखि हल्लनचोकसम्मको मुख्य सडकमा सञ्चालन हुने सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो।

## निर्वाचनमार्फत लोकतान्त्रिक प्रक्रियालाई सफल सुदृढ बनाउनुपर्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले निर्वाचनमार्फत लोकतान्त्रिक प्रक्रियालाई सफल र सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ।

नयाँ वर्ष २०७९ का अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले यस वर्षभित्र सङ्घीय संरचनाअन्तर्गतका सबै तहका निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व रहेको र प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन नेपालको सङ्घीय संरचनालाई स्थापित गराउन महत्वपूर्ण सावित हुने उल्लेख गर्नुभएको छ । सबै निर्वाचनमा उत्साह, उमङ्ग तथा उल्लासमयरूपमा सहभागी भई लोकतान्त्रिक प्रक्रियालाई सफल र सुदृढ बनाउन प्रदेश प्रमुख गुरुङले अनुरोध गर्नुभएको छ । विसं २०७८ राजनीतिक, आर्थिक र सामाजिक विकासका दृष्टिले उपलब्धिपूर्ण रहेको स्मरण गर्दै उहाँले कोभिड-१९ महामारीविरुद्ध सरकारले अवलम्बन गरेको प्रभावकारी प्रतिकार्य रणनीतिका कारण समयमै खोप अभियानको थालनी भएकाले मृत्युदरलाई न्यून राख्न सफल हुनुजस्ता कुरा सकारात्मक उपलब्धिकारूपमा रहेको बताउनुभयो।

देश संविधान कार्यान्वयनकै चरणमा रहेको र यसको मर्म, भावनाअनुसार गर्नुपर्ने धेरै काम भए पनि अझै यसले पूर्णता नपाएका कारण जनअपेक्षाअनुसार जनताप्रतिको जिम्मेवारी र उत्तरदायित्व पूरा गर्नुपर्नेमा जोड दिनुभयो। देशका प्राकृतिक सम्पदा एवं मेहनती मानवीय संशाधनको समुचित र दीगो प्रयोग गर्दै मुलुकलाई समृद्ध एवं समुन्नत बनाउने दायित्व रहेको उहाँको भनाइ छ।

विधि र नीतिको सर्वोपरितालाई स्वीकार्ने संस्कार विकासमा अभिप्रेरित हुँदै दलभित्र विधिलाई लोकतान्त्रिक, पारदर्शी बनाउने संस्कृति स्थापित गर्ने प्रयास निरन्तर भइरहने उल्लेख गर्दै सन्देशमा नयाँ वर्षले सबैमा नयाँ जोश, उमङ्ग र उत्साह पैदा गर्ने विश्वास व्यक्त गर्नुभयो।

## देशले के दियोभन्दा पनि के दिन सक्छौँ भन्ने भावना जागृत हुनुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३० चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देशले के दियोभन्दा पनि देशलाई के दिन सक्छौँ भन्ने भावना सबैमा जागृत हुनुपर्ने बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिकाको ३० औं स्थापना दिवसका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले देशको हितलाई केन्द्रबिन्दुमा राखेर काम गर्न आग्रह गर्नुभयो । जनप्रतिनिधि सुविधाभोगी हुन नहुने भन्दै वरिष्ठ नेता पौडेलले भन्नुभयो, "मैले कति सुविधा पाउँछु, मेरो कति उन्नति हुन्छ भन्ने सोच त्याग्नुपर्छ, देशको हितलाई मात्रै ध्यानमा राख्नुपर्छ।" उहाँले आफ्ना लागि मात्र सोच्न थालियो भने व्यवस्था बर्बादीमा जाने जिकिर गर्नुभयो।



उच्चस्तरीय राजनीति संयन्त्रका संयोजक समेत रहनुभएका नेता पौडेलले राष्ट्रको स्वतन्त्रता र लोकतन्त्र बचाउने अहिलेको मुख्य आवश्यकता औँल्याउनुभयो । सुन्दर सहर, सुखी जनता बनाउने अभियानका साथ चिन्तन गर्नुपर्ने जनाउँदै उहाँले विगतमा के गरियो भन्दा पनि अब के गर्ने हो त्यसतर्फ केन्द्रित हुनुपर्ने सुझाव दिनुभयो। राजनीति र विकासलाई सँगै अगाडि बढाउनुपर्ने जनाउँदै गाउँमै जनतालाई बसुँ बसुँ बनाउनुपर्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले तनहुँको विकासमा वरिष्ठ नेता पौडेलको भूमिकालाई बिर्सन नमिल्ने बताउनुभयो । उहाँले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

प्रदेशसभा सदस्य सरिता गुरुङले स्थानीय तहमा भएका विकास निर्माणका कामलाई जनताले मूल्याङ्कन गर्ने बेला आएको उल्लेख गर्नुभयो। जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले विकासमा व्यासले थुप्रै काम गरेको बताउँदै अहिलेको जनप्रतिनिधिको कामलाई आगामी जनप्रतिनिधिले पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदिशचन्द्र पोखेलले स्रोत बढाउनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो। कार्यक्रममा भानु नगरपालिकाका प्रमुख उदयराज गौली, नेपाली कांग्रेसका उपसभापति देवकुमार श्रेष्ठ, नेकपा माओवादी केन्द्रका प्रदेश सहसचिव अतिन्द्रकेशरी न्यौपाने, प्रथम नगर प्रमुख ताराप्रसाद श्रेष्ठ, पूर्वजनप्रतिनिधि रामचन्द्र बस्नेतलगायतले जनप्रतिनिधि उत्तरदायी हुनुपर्नेमा जोड दिनुभयो । व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले पाँच वर्षको अवधिमा जनताको माग र आवश्यकतालाई ध्यानमा राखी काम गरिएको बताउनुभयो।

## पदयात्रा पर्यटनमा सकारात्मक सङ्केत

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

कोरोनाका कारण सुस्ताएको पदयात्रा पर्यटनले गति लिन थालेसँगै यस क्षेत्रमा लाग्ने व्यवसायी उत्साहित बनेका छन् । पछिल्ला दिनमा पदयात्रा पर्यटनमा आकर्षक गन्तव्यका रूपमा स्थापित बन्दै गएका अन्नपूर्ण आधार शिविरको पदयात्रा होस वा मर्दी हिमालको पदयात्राका लागि दैनिक ठूलै सङ्ख्यामा पदयात्री जाने गरेका छन् । पछिल्ला दिनमा स्वदेशी पर्यटकसँगै विदेशी पर्यटक पनि पदयात्राका लागि आउन थालेसँगै पदयात्रा मार्गका व्यवसायीमा उत्साह थपिएको छोम्रोङ पर्यटन व्यवसायी समितिका सचिव दिलीप गुरुङले बताउनुभयो।

समुद्री सतहबाट चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्राका लागि युरोपियन, इटालियनलगायत स्थानका विदेशी पर्यटक आउन थालेको उहाँले बताउनुभयो । पछिल्ला समयमा कोरोना सङ्क्रमणको दर घट्दै गएको र जनजीवन सामान्यावस्थामा फर्किँदै गरेको अवस्थामा फागुनको अन्तिम सातादेखि नै पर्यटकको चाप बढ्दै गएको उहाँले जानकारी यिदनुभयो । उहाँका अनुसार पदमार्गअन्तर्गतका होटेल सबै स्थानमा खुली पर्यटकको सेवामा लागेका छन्। हिमाल आरोहणको क्षेत्रमा सबैभन्दा जेठो हिमाल अन्नपूर्णको काखमा गरिने गरिने पदयात्रा विश्वका उत्कृष्ट पदयात्रामध्ये पर्छ । सर्वप्रथम सन् १९५० जुन ३ मा फ्रान्सका हिमाल आरोही मौरिस हर्जोगले अन्नपूर्ण प्रथम (८,०९१) को सफल आरोहण गरेसँगै विश्वमा नै हिमाल आरोहणतर्फ आकर्षण बढ्दै गएको हो। सो सफलतासँगै सन् १९५३ मे २९ मा सर्वप्रथम तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सगरमाथाको सफल आरोहण गरेर कीर्तिमान कायम गरेका थिए । अन्नपूर्ण पदयात्रा मार्गअन्तर्गत अन्नपूर्ण आधार शिविरको पदयात्रा मार्गका योजनाकार कर्णेल जिम्मी रबर्टस (बेलायत) हुन् । उनले सन् १९६५/६६ मा अन्नपूर्ण आधार शिविरको पदयात्रा मार्गबारे दैनिकी लेखेका थिए । समुद्र सतहदेखि चार हजार १३० मिटरमा अवस्थित अन्नपूर्ण आधार शिविर पदयात्रा मार्गको पहिलो यात्री एरिक सिप्टन (१९६६) हुन् । उनले गरेको पदयात्रासँगै यस क्षेत्रको पदयात्रामा आकर्षण बढ्दै गएको हो। तथ्याङ्कानुसार नेपाल आउने विदेशी पर्यटकमध्ये ७० प्रतिशत पदयात्राका लागि नै आउने गर्छन्। त्यस्तै १० प्रतिशत हिमाल आरोहण र २० प्रतिशत अन्य पर्यटक यस क्षेत्रको भ्रमणमा आउने गर्छन । आजभन्दा चार दशकअघिसम्म अन्नपूर्ण आधार शिविर जाने पर्यटक भेडीगोठ र स्थानीयवासीले बनाएका चित्रा वा भकारीले बारेका झुपडी बस्नुपर्थ्यो । पछिल्लो तीन दशकयता पदयात्रा मार्गमा पर्याप्त होटल नरहे पनि यहाँका सिनुवा, बाम्बो, हिमालयन, दोभान, देउराली, माछापुच्छ्रे आधार शिविर र अन्नपूर्ण आधार शिविरमा हाल २६ होटेल सञ्चालनमा रहेकोमा पछिल्ला समयमा ती होटेलको क्षमता विस्तारसँगै नयाँ होटेल खोल्ने क्रम पनि सुरु भएको छ । उक्त क्षेत्रमा स्थानीय सरकार, पर्यटन व्यवसायीसहित सरोकारवालाबीच सहमति कायम गरी अन्य १० वटा होटेल थप्ने निर्णय गरिएकोमा दुई तीन वटा होटेल बनिसकेको र अन्य बन्ने क्रममा रहेको स्थानीय समाजसेवी एवं अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सवका संयोजक ललित गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना (एक्याप) द्वारा २०४३ सालदेखि संरक्षण हुँदै आएको यस क्षेत्रमा एक्यापको निर्धारित मापदण्डानुसार यसअघि यहाँका २६ होटेल प्रत्येकमा छ कोठाका दरले १५६ कोठा रहेका थिए।

संयोजक गुरुङका अनुसार अन्नपूर्ण आधार शिविर र यहाँको पर्यटकीय महत्वलाई उजागर गर्न अन्नपूर्ण सेञ्चुरी समितिले वार्षिकरूपमा अन्नपूर्ण म्याराथनसमेत आयोजना गर्दै आएकोमा विगत दुई वर्षयता कोरोना कहरले प्रभावित बनाएको छ। प्रत्येक वर्ष जुन ३ (अन्नपूर्ण डे) का अवसरमा गरिने म्याराथनमा विदेशी धावकसमेत सहभागी बन्ने गरेका छन्। पदयात्रा मार्गकै देउरालीको पूर्वतर्फको पहाडमा अवस्थित गौतम बुद्धको आकृति, दोभान र हिमालयका बीचमा अवस्थित अतिप्राचीन पूजनीयम बराह र त्यहाँबाट देखिने १०८ धारा, झिनुडाँडास्थित तातोपानीको कुण्डजस्ता स्थललाई थप व्यवस्थित गर्दै लैजाने गरी स्थानीयले प्रयास थालेका छन् । पदमार्गमा पर्ने धार्मिक पर्यटकीय महत्वको पुजनीयम् बराहको मन्दिर बनाउने काम भइरहेको छ । पदयात्रा पर्यटनमा पछिल्ला समयमा बढ्दै गएको पर्यटकको आकर्षणले आफूहरूलाई थप उत्साहित बनाएको बताउँदै सचिव गुरुङले यसलाई आफूहरूले शुभ सङ्केतका रूपमा लिएको बताउनुभयो । कोरोना कहर पछि पर्यटको आगमनलाई बढाउन आफूहरूले होटेलको मेनुका आन्तरिक पर्यटकका लागि ३० प्रतिशतसम्म छुट दिएको उहाँको भनाइ छ । अन्नपूर्ण आधार शिविरको पदमार्गसँगै कास्कीकै अर्को महत्वपूर्ण मर्दी हिमाल पदमार्गमा पनि पर्यटकको चाप बढ्दै गएको युवा पर्यटन व्यवसायी सुदीप गौतमले जानकारी दिनुभयो । मर्दी हिमालमा पदयात्राका लागि पछिल्ला दिनमा दैनिक १०० भन्दा बढी सङ्ख्यामा पर्यटक आउने गरेको जनाउँदै उहाँले पदयात्रा पर्यटनमा सकारात्मक सङ्केत मिलेको र यसले व्यवसायीमा उत्साह थपेको बताउनुभयो।




# गायिका इतु जोजिजुको पोल्टामा अवार्ड

**निर्मला नेपाली**
**पोखरा, ३० चैत**

गायिका इतु जोजिजुले सर्वोत्कृष्ट पार्श्व गायिकाको अवार्ड प्राप्त गर्नुभएको छ।

'बिर्सन सजिलो भएन' बोलको गितबाट १२औ डि.सिने अवार्डको सर्वोत्कृष्ट पार्श्व गायिकाको अवार्ड प्राप्त गर्नुभएको हो। उक्त विधामा इतु जोजिजु, मिलन नेवार, मेलिना राइ ,अञ्जु पन्त, मिना निरौला बिच प्रतिस्पर्धा भएको थियो।

चलचित्र मखमली-मखमली मा समावेश उक्त गितबाट अवार्ड प्राप्त गर्नुभएको हो। छायाँछवि क्रियसनको आयोजनामा हुँदै आएको डि-सीने अवार्ड यसअघि कोरोना भाइरसको महामारीका कारण रोकिएको थियो।



# अनुसन्धानात्मक जर्नल कौमोदकी लोकर्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

विन्दुवासिनी संस्कृत विद्यापीठ पोखराको अनुसन्धानात्मक व्यवस्थापन एकाइद्वारा प्रकाशित अनुसन्धानात्मक जर्नल 'कौमोदकी' लोकार्पण गरिएको छ। जर्नलको विश्वविद्यालयका शिक्षाध्यक्ष भीमप्रसाद खतिवडाले एक कार्यक्रमकाबीच मङ्गलबार एक कार्यक्रमा बीच लोकार्पण गर्नुभयो । उक्त अवसरमा उहाँले विद्यापीठको वेबसाइड प्रयोग पनि शुभारम्भ गर्नुभयो।

कार्यक्रममा शिक्षाध्यक्ष खतिवडाले नेपाल संस्कृत विश्वविद्यालय स्थापनाको उद्देश्य अनुरुप ज्ञान विज्ञानको खोजीमा कृयाशिल विश्वविद्यालयका आङ्गिक विद्यापीठहरूले पौरस्त्य पाश्चात्य वाङ्मयको अध्ययन अध्यापनमा जोड दिइरहेको बताउनुभयो।विद्यापीठलेसमयको गतिसँगै अनुसन्धान विधालाई अघि बढाएको बताउँदै उहाँले यो अन्यका लागि पनि प्रेरणादायी बन्ने विश्वास व्यक्त गर्नुभयो । पृथ्वीनारायण क्याम्पस नेपाली विभागका प्रमुख प्रा.डा.कुशुमाकर न्यौपानेले संस्कृत वाङ्मयका ज्ञान राशिलाई विद्वानहरूले युगानुकुल रुपमा व्यवहारोपयोगि बनाउँदै लैजानुपर्ने बताउनुभयो।

विन्दुवासिनी संस्कृत विद्यापीठका प्राचार्य डा. जगन्नाथ रेग्मीले विद्यापीठको समग्र विकास र भइरहेका प्रगतिमाथि प्रकाश पार्दै अनुसन्धानको महत्वको बोध गरी यसको निरन्तरतामा विद्यापीठको अर्जुनदृष्टि रहेको बताउनुभयो । उक्त अवसरमा जर्नलमा प्रकाशित लेखरचनाको प्रा.डा.यामबहादुर पौडेल क्षेत्री, सहप्रा. डा. लक्ष्मीशरण अधिकारी, सहप्रा.डा.काशीनाथ कंडेल, डा.सवीन्द्रराज भण्डारी, डा.भोलानारायण रेग्मीले समिक्षा गर्नुभएको थियो । कार्यक्रममा सहप्रा.डा.चूडामणि कंडेलले जर्नल प्रकाशन र वेबसाइड निर्माणका प्रयास र औचित्यमाथि प्रकाश पार्नुभएको थियो भने नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघका केन्द्रीय उपाध्यक्ष सहप्रा.आनन्दमणि रिजालले विद्यापीठले अनुसन्धानका क्षेत्रमा नयाँ फड्को मारेको बताउनुभयो।

विद्यापीठ विकास समितिका अध्यक्ष परशुराम बराल, प्राध्यापक संघ एकाइ सभापति सहप्रा.अम्बिकाप्रसाद भट्टराई तथा अन्य वक्ताहरूले अनुसन्धानका व्यवहारिक र शास्त्रीय पक्षको सन्तुलनमा जोड दिदै प्राज्ञिक गतिविधि नै विद्यापीठको प्राण भएको धारणा राख्नुभयो । अनुसन्धान व्यवस्थापन एकाइका संयोजक प्रा.डा.शालिग्राम सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन एकाइका सदस्य उपप्राध्यापक प्रकाश पौडेलले गर्नुभएको थियो।



# नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी इकाई समितिको क्यालेण्डर विमोचन

**मिना भूजेल**
**पोखरा, ३० चैत**

नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेज इकाई समितिले २०७९सालको क्यालेण्डर बुधवार विमोचन गरेको छ।

'आपसी प्रेम र सदभाव'भन्ने मान्यतालाई मनन गर्दै स्वास्थ्य एवमं सामाजिक सचेतना जगाउदै गण्डकी मेडिकल कलेज अस्पताल परिसरमा क्यालेण्डर विमोचन गरिएको हो।

गण्डकी मेडिकल कलेजका प्राचार्य प्रा.डा. रविन्द्र प्रसाद श्रेष्ठले व्यानरमा हस्ताक्षर गर्दै कार्यक्रम शुरु गरेका थिए। डा श्रेष्ठले यस्ता कार्यक्रमले भावनात्मक एकतामा सहयोग पुग्ने बताए। प्राचार्य र स्वास्थ्यकर्मी संघका अध्यक्ष दिपक कार्कीले संयुक्त रुपमा ०७९ सालको भित्तेपात्रो सार्वजनिक गरेका थिए। क्यालेण्डर प्रकाशन समितिका संयोजक हरिबहादुर बस्नेतले विषम परिस्थितिमा सहयोग गर्ने सबैमा धन्यवाद दिए । नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी मेडिकल कलेज इकाई समितिका अध्यक्ष दीपक कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष एवमं बालरोग विशेषज्ञ डा. शंकर पौडेलले स्वागत र सचिव राजन पोखेलले संचालन गरेका थिए।



# ओम विकास तथा देउकुमारी गौचन स्मृति प्रतिस्ठानको स्मृति सभामा उत्कृष्ट कृषक र विद्यार्थी सम्मानित

**पोखरापत्र संवाददाता**
**मुस्ताङ, ३० चैत**

तत्कालीन सांसद एवम् समाजसेवी ओम विकास र देउकुमारी गौचनको स्मृतिमा स्थापित "ओम विकास गौचन र देउकुमारी गौचन स्मृति प्रतिस्ठान"ले गाउँ पालिकाका उत्कृष्ट कृषक र बिद्यार्थीलाई सम्मानित गरेर १६ औ स्मृति सभा सम्पन्न गरेको छ।

मुस्ताङको कोवाङ गाउँपालिका २ खन्तीमा रहेको ओम बिकास गौचनको शालिकमा संविधानसभा सदस्य श्रीमाया थकालीले माल्यापर्ण गर्दै शुरु भएको स्मृति सभामा थकालीले ओम बिकास गौचनको राजनीति र सामाजिक क्षेत्रको चर्चा गर्नुभयो। गौचनले राजनीति समाज सेवा हो भनेर निरन्तर सामाजिक क्षेत्रमा क्रियाशिल रहेको स्मरण गर्दै गाउँको जीवनस्तर बदल्न कर्ममा बिश्वास गर्नुपर्छ भन्ने मान्यता राख्ने गरेको बताउनुभयो। स्वर्गीय गौचन शिक्षाका प्रेरक,कृषि कर्मका प्रेरक , राजनीतिक अगुवा ब्यक्ति भएको र उहाँले समाज पुर्याएको योगदान अतुलनीय रहेको बताउनुभयो । उहाँको नाममा स्थापन भएको प्रतिस्ठानले पनि समाज सेवालाई केन्द्र बिन्दुमा राखेर काम गर्नु निकै प्रशंसनीय रहेको र आज कृषक र विद्यार्थीलाई सम्मानित गर्नु यसैको नमूना भएको बताउनुभयो।

कार्यक्रम घरपझोङ गाउँ पालिकाका अध्यक्ष आश बहादुर थकालीले समाजलाई योगदान दिने ब्यक्ति भौतिक रुपमा नभए पनि उहाँका कर्मले सदा जिवित रहने बताउदै गौचनको योगदानलाई स्मरण गर्नुभयो । थासाङ गाउँ पालिकाका उपाध्यक्ष बालकुमारी शेरचनले, प्रतिस्ठानले शिक्षा , स्वास्थ र कृषिलाई प्राथमिकता दिदै यस क्षेत्रको बिकासमा योगदान पुर्याएको बताउनुभयो । सो अबसरमा जिल्लाका ५ गाउँ पालिकाका उत्कृष्ट कृषकलाई सम्मान गरिएको थियो । सम्मान हुनेमा थासाङ गापाका निरज तुलाचन, घरपझोङ गापाका पुर्णकुमारी थकाली, बारागुङ मुक्ति क्षेत्र गापाका न्हुन्यु गुरुङ, लोघेघर गापाका सोनान दुन्दुप गुरुङलाई कृषि औजार सामग्री र सम्मान पत्रले सम्मान गरिएको थियो । त्यसैगरी जिल्ला उत्कृष्ट छात्रा ज्ञानोदय माध्यमिक विद्यालयका सुवास्ना गौचन ,छात्र तर्फ जनहित मावी जोमसोमका कृष शेरचन र दलित विद्यार्थी तर्फ जनहीतकै सुरिता बिकलाई जनही १० हजार नगद, सम्मान पत्र र दोसल्लाले सम्मान गरिएको थियो। प्रतिष्ठानका अध्यक्ष सवि शेरचनले राजनितिक र सामाजिक ब्यक्तित्व आफ्नो बुबा आमाले समाजमा पुर्याएको योगदानलाई चिरस्थायी बनाउन आफुले प्रतिस्ठान मार्फत सामाजिक कार्यलाई निरन्तरता दिदै आएको बताउनुभयो । गौचन दम्पतीको २०६२ चैत ३० गते मुस्ताङको सौरु गाउँको आफनै घरमा हत्या भएको थियो। मुस्ताङको कोवाङ गाउँपालिका २ खन्तीमा गौचनको स्मृतिमा ओम बिकास गौचन चोकको नामाकरण सहित शालिक स्थापना गरेको छ। सो शालीक निर्माणका लागि तत्कालीन साम्सद श्रीमाया थकाली र महेन्द्र शेरचनको निर्वाचन क्षेत्र विकास कोष २०७२/७३ बाट ६ लाख ५५ हजार रुपैयाँको लागतमा २०७३ सालमा चोकमा गौचनको शालिक निर्माण गरेको हो। प्रतिस्ठानले शालिक छेउको करिब ६ रोपनी जग्गामा ओखर ,स्याउ र किबि खेती समेत गरेको छ।

कार्यक्रम पश्चात प्रमुख अतिथि अतिथि लगायतले सो कृषि क्षेत्रको अवलोकन समेत गर्नुभएको थियो । स्मृति सभाकै अवसरमा प्रतिस्ठानले थासाङ गाउँपालिकाका महिलालाई नेतृत्व बिकास तालीमको आयोजना समेत गरेको थियो । तालीमको नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा प्रतिस्ठानका वरिस्ठ उपाध्यक्ष रमेश भट्टचनले स्वागत र सचिव गौतम शेरचनले कार्यक्रमको संचालन गर्नुभएको थियो।



# सर्वसम्मत टुङ्ग्याएपछि घरदैलोमा एमालेका उमेदवारहरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० चैत**

सर्वसम्मत उम्मेदवार सिफारिस भएपछि पोखरा महानगरपालिका वडा नं २७ मा नेकपा एमालेले घरदैलो अभियानलाई तिव्रता दिएको छ।

नेकपा एमालेको तर्फबाट वडा अध्यक्षको उम्मेदवारमा सुर्यमणि लामिछानेको नेतृत्वमा सर्वसम्मत जुटेको हो।

खुल्ला वडा सदस्यमा तारानाथ दवाडी, प्रकाश देवकोटा, महिला खुल्ला सदस्यमा बुद्धिमाया थापा मगर र दलित सदस्यमा उमा परियारको नाउँमा सहमति जुटेर वडाले महानगरलाई उमेदवार सिफारिस गरेपछि एमाले पोखरा २७ ले चुनावी घरदैलो अभियानलाई तिव्रता दिएको हो । प्रत्यासी उम्मेदवार सहित एमालेका कार्यकर्ताहरुले वडा नं. २७ का विभिन्न स्थानको घरदैलोमा मत माग्न व्यस्त देखिएका छन् । अहिलेसम्म उनिहरुले चुनावी अभियानका रुपमा छत्रेढुंगा मरेखरे, पण्डित थर, कुमालगाउँ एकता टोलमा घरदैलो सम्पन्न गरिसकेको अध्यक्षका प्रत्यासी सुर्यमणि लामिछानेले जानकारी दिए। अघिल्लो स्थानीय तहको निर्वाचमा विजय हासिल गरेर पनि काग्रेसले गर्न नसकेका कामहरुलाई एमालेको टोलीले चुनावी एजेण्डा बनाएको छ।

नेपाली काग्रेसले पनि घरदैलो अभियानलाई तिव्रता दिएको छ। काग्रेसले वडामा अध्यक्षका रुपमा पुरानै अनुहारलाई दोहोर्याएको छ।




प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्थानीय निर्वाचनका लागि उम्मेदवार छान्दै दल

रासस

लमजुङ, ३० चैत (रासस)

आगामी वैशाख ३० गते हुन लागेको स्थानीय निर्वाचनका लागि मुख्य प्रतिस्पर्धी सत्तारुढ दलको गठबन्धन र प्रमुख प्रतिपक्ष नेकपा (एमाले)बीच नै हुन लागेको छ ।

जिल्लामा रहेका प्रमुख सत्तारुढ दल नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी जिल्ला कार्यसमितिले आगामी निर्वाचनमा गठबन्धन गरी स्थानीय निर्वाचनमा जाने निर्णय गर्दै गठबन्धनका उम्मेदवार अघि बढाउने तयारी गरेको छ ।

गठबन्धनका उम्मेदवार अघि बढाउने निर्णयका साथ अघि बढे पनि कुन पालिकामा कुन दलका उम्मेदवार कति, कुन पार्टीले लिने वा पाउने भन्ने टुङ्ग्याउन सकिएको छैन । यद्यपि कांग्रेसले जिल्लाका आठवटै पालिकाबाट उम्मेदवारका आकाङ्क्षीको नाम जिल्लामा सिफारिस गर्दै पठाइहेको छ । गठबन्धनका अन्य दल भने अन्योलमै छन् ।

कांग्रेसले विभिन्न पालिकाबाट उम्मेदवार पठाउने गरे पनि पालिकामा उम्मेदवारका आकाङ्क्षी धेरै हुँदा आवश्यक सङ्ख्याभन्दा धेरै जनाको नाम सिफारिस गरेर जिल्ला पठाएको छ भने एमालेलाई पनि उस्तै समस्या देखिएको छ । एमालेले आठ स्थानीय तहमध्ये सात स्थानीय तहबाट आकाङ्क्षीको नाम सिफारिस गरेर जिल्ला कमिटीमा पठाएको छ । पालिकाको कमिटीको बैठकले उम्मेदवार छनोट गर्न नसकेपछि जिल्लामा आवश्यक पद सङ्ख्याभन्दा बढी आकाङ्क्षीको नाम सिफारिस गरेर पठाएको छ ।

विशेष गरी नगरपालिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदमा आवश्यकभन्दा बढी आकाङ्क्षी रहेका छन् । स्थानीय निर्वाचनका लागि एमाले बेँसीसहर नगरपालिकाबाट नगरप्रमुखका लागि मात्र छ जना र उपप्रमुखका लागि तीन आकाङ्क्षीको नाम जिल्लामा सिफारिस गरिएको छ । त्यस्तै सुन्दरबजार नगरपालिकाको प्रमुखका लागि सात र उपप्रमुखका लागि तीन जनाको नाम सिफारिस गरिएको नगर कमिटीका अध्यक्ष भीमबहादुर गुरुङले बताउनुभयो ।

त्यस्तै मर्स्याङ्दी गाउँपालिका अध्यक्षका लागि एमालेबाट दुई जनाको नाम सिफारिस गरिएको छ। त्यस्तै पालिकाको उपाध्यक्षका लागि तीन जनाको नाम सिफारिस गरिएको गाउँपालिका कमिटीका अध्यक्ष चेतबहादुर गुरुङले बताउनुभयो । मध्यनेपाल नगरपालिकामा छ जना प्रमुख तथा उपप्रमुखका लागि दुई आकाङ्क्षी रहनुभएको छ । राइनास नपा प्रमुख र उपप्रमुखका लागि चार/चार जना आकाङ्क्षी रहेका छन् ।

दोर्दी गाउँपालिकामा चार गाउँपालिका अध्यक्ष र छ जना उपाध्यक्ष पदका आकाङ्क्षीको नाम सिफारिस गरेर एमाले जिल्ला कार्यसमितिको कार्यालयमा पठाइएको बताइएको छ । दूधपोखरी गाउँपालिकामा अध्यक्षका लागि छ र उपाध्यक्षका लागि तीन आकाङ्क्षीको नाम सिफारिस गरेर जिल्लामा पठाइएको छ ।

त्यस्तै कांग्रेसमा चार नगरपालिकामा आठ पदका लागि ६३ जना आकाङ्क्षी देखिएका छन् । बेँसीसहर नगरपालिकामा छ जना प्रमुख र चार उपप्रमुख पदका आकाङ्क्षी रहेका छन् । त्यस्तै मध्यनेपाल नपामा कांग्रेसबाट नगरप्रमुखका लागि १७ र उपप्रमुखका लागि चार उम्मेदवार आकाङ्क्षी देखिएका छन् । त्यस्तै सुन्दरबजार नगरपालिकामा प्रमुखका लागि छ र उपप्रमुखका लागि चार उम्मेदवार आकाङ्क्षी रहेको बताइएको छ । राइनास नगरपालिकामा १३ प्रमुख तथा पाँच जना उपप्रमुख पदका आकाङ्क्षी रहेका छन् । त्यस्तै मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष पदका लागि दुई जना रहेका छन् भने उपाध्यक्षमा सहमतिमा उम्मेदवार छान्ने कसरतमै रहेको बताइएको छ ।

दूधपोखरी गाउँपालिका अध्यक्षका लागि छ र उपाध्यक्षमा पाँच जना आकाङ्क्षी रहेको नेपाली कांग्रेस जिल्ला कार्यसमितिले जनाएको छ । क्व्होलासोथर गाउँपालिका अध्यक्षका लागि तीन र उपाध्यक्षका लागि चार जना तथा दोर्दी गाउँपालिका अध्यक्षमा सात र उपाध्यक्षमा छ जना आकाङ्क्षी रहेका छन् । कांग्रेसले अधिकांश पालिकाबाट उम्मेदवार छनोट गर्न नसकेपछि आकाङ्क्षी सबैको नाम जिल्लामा पठाउन थालेको छ । जिल्लाबाट पनि प्रदेशमा पठाउने र निर्णय उतैबाट आउने बताइएको छ । नगरले जिल्लामा आकाङ्क्षी उम्मेदवारको नाम पठाउने र जिल्लाले आफ्नो राय सुझावका साथ गण्डकी प्रदेश कार्यसमितिमा पठाउने र प्रदेशले निर्णय गर्ने कांग्रेस महाधिवेशन प्रतिनिधि जीवनकुमार श्रेष्ठले बताउनुभयो ।

गठबन्धनका अन्य दल भने उम्मेदवार छनोटको पर्खाइमा रहेको माओवादी केन्द्रका नेता सुनिलकुमार सुनालले बताउनुभयो । उहाँले भन्नुभयो, "गठबन्धनले अझै कुन दलले कति सङ्ख्या र कुन पालिका वा कुन-कुन पद पाउने क-कसले भन्ने केही टुङ्गिन नसक्दा हालसम्म आफ्नो दलले उम्मेदवार छनोट गर्न सकेको छैन ।"

# नयाँ वर्षमा मुख्यमन्त्री पोखरेलको शुभकामना

पोखरापत्र संवाददाता

पोखरा, ३० चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले स्थानीय तह, प्रदेश र संघ सरकारबीचको सम्बन्ध अझ मजबुत बनाउन सकेमा मुलुकको समृद्धि सम्भव रहेको बताएका छन् ।

नयाँ वर्ष विसं २०७९ का अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले कार्य सम्पादनका क्रममा भएका कमजोरीमाथि समीक्षा गर्दै प्रदेशको समृद्धिका लागि चाल्नुपर्ने कदमका बारेमा आम नागरिकको सुझाव र सल्लाहको अपेक्षा समेत प्रदेश सरकारले गरेको उल्लेख गरेका छन् । प्रभावकारी सेवा प्रवाह तथा सुशासन प्रदेश सरकारको पहिलो शर्त हो भन्दै मुख्यमन्त्री पोखरेलले संघीयताको अभ्याससँगै नागरिकका आवश्यकता र चाहना अनुसारका क्षेत्रमा काम गर्न हामी क्रियाशील रहेको बताए । उनले भनेका छन्, 'प्रदेश सरकारले प्रष्ट सोच र योजनाका साथ आर्थिक समृद्धिको लागि प्रयत्न गर्दै आएको छ ।' विसं २०७९ साल चुनावी वर्ष भएकाले निश्पक्ष निर्वाचनमा सहभागी भई मुलुकको समृद्धिका साथै प्रजातान्त्रिक प्रणालीको सुदृढीकरणका लागि योगदान पुऱ्याउनु उनले प्रदेशवासीमा अनुरोध गरेका छन् । नयाँ वर्ष २०७९ ले प्रदेशमा दिगो शान्ति, सुदृढ प्रदेशिक एकता र सामाजिक सद्भावसहित आर्थिक समृद्धिको लागि नयाँ जोश, जाँगर र उत्साह पैदा गर्न सकोस् भन्दै उनले शुभकामना व्यक्त गरेका छन् ।

# कास्की लिग: उपाधिका लागि शितल ज्योती र हेम्जा युनाईटेड भिड्ने

मिना भुजेल

पोखरा, ३० चैत



अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा पोखरा रंगशालामा जारी सावित्री निर्माण सेवा कास्की लिगको उपाधिका लागि शितल ज्योती युवा क्लब र हेम्जा युनाइटेड क्लब भिड्ने भएको छ ।

खेल संयोजक नर प्रसाद गुरुङका अनुसार रंगशालामा आज भएको पहिलो खेलमा भ्याली स्पोर्ट्स क्लबलाई ४-३ गोल अन्तरले पराजित गर्दै शितलज्योती फाईनलमा प्रवेश गरेको हो । शितलज्योतीको जितमा खेलको २९ औं मिनेटमा प्रतिक गुरुङले गोल गरे । त्यसैगरी ३५ औं मिनेटमा अविशेष थापाले दोस्रो गोल गरे । खेलको ५९ औं मिनेटमा सहिल गुरुङले तेस्रो गोल थपे भने दोस्रो हाफको ६५ औं मिनेटमा सरोज विकले निर्णायक गोल गरे । यता हार व्यहोरेको भ्यालीको तर्फबाट विजय गुरुङ, अजय श्रेष्ठ र सिद्धान्त गुरुङले समान १ गोल फर्काएका थिए । त्यसैगरी हेम्जा युनाईटेडले विष्णुपादुकालाई २-१ गोल अन्तरले हराएको संयोजक गुरुङले जानकारी दिए । उनका अनुसार हेम्जा युनाईटेडको जितमा खेलको पहिलो मिनेटमै विशाल विकले गोल गर्दै अग्रता दिलाए । तर खेलको ३९ औं मिनेटमा विष्णु पादुकाको तर्फबाट राजन थापाले १ गोल गर्दै खेल बराबरीमा फर्काए र निकै प्रतिस्पर्धात्मक भएको खेलमा ६० औं मिनेटमा हेम्जा युनाईटेडका कृष्ण खड्का ले निर्णायक गोल गर्दै टिमलाई जिताए । अब बिहीबार फाइनल खेल शितलज्योती युवा क्लबसँग मध्यान्ह १२ बजे प्रतिस्पर्धा गर्ने संयोजक गुरुङले बताए ।

लिग विजेताले दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरीय मुख्यमन्त्री कप फुटबल प्रतियोगितामा सिधै भाग लिन पाउने गुरुङले जानकारी दिए । उनका अनुसार लिग विजेता टोलीले ७५ हजार र उपविजेता टोलीले ५० हजार प्राप्त गर्ने एन्फा कास्कीले जनाएको छ ।

# भेट्रान्स ह्याण्डवल प्रतियोगिताको उपाधि फाइव जि.आर.लाई

पोखरापत्र संवाददाता

पोखरा, ३० चैत



पोखरामा सम्पन्न भएको पुरुष भेट्रान्स ह्याण्डवल प्रतियोगिताको उपाधि फाइव जि.आर.को टिमले जितेको छ ।

पोखरा रंगशालामा बुधबार सम्पन्न भएको फाइनल खेलमा फाइव जि.आर.को टोलीले आयोजक मध्यको एक कास्की जिल्ला ह्याण्डवल संघलाई १७ का विरुद्ध २१ गोल गरी उपाधि सहित नगद १० हजार साथमा ट्रफि मेडल प्रमाण पत्र प्राप्त गरेको हो । उपविजेता भएको संघले भने ५ हजारको साथमा ट्रफि मेडल प्रमाण पत्र प्राप्त गऱ्यो । प्रतियोगितामा फाइवरको तर्फबाट गोविन पुनले ८ गोलको योगदान दिदा संघका इश्वर थापाको १० गोलको योगदान दिदा पनि टिमले जित्न भने सकेन् । दील बहादुर गुरुङको कप्तानीमा मैदानमा उर्त्रिएको फाइवर बिरुद्धको खेलमा पूर्व राष्ट्रिय खेलाडी राम गुरुङको कप्तानीमा मैदानमा उर्त्रिए पनि उनको अघिल्लो खेलबाटै खुट्टामा चोट लागेको कारण फाइनल खेलमा मैदानमा छिर्न सकेनन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी फाइव जि.आर.का पम्प बहादुर पुन, उत्कृष्ट गोलरक्षकमा बिष्णु काजी गुरुङ र ज्येष्ठ खेलाडी पनि फाइव जि.आर.कै ६८ बर्षीय विरबहादुर गुरुङ घोषित भएको संघका अध्यक्ष चित्र बहादुर थापाले बताए । कास्की जिल्ला ह्याण्डवल संघ तथा भारतिय भूपू सैनिक गोर्खा ब्रिगेड नेपाल (पोखरा) संघको संयुक्त आयोजनामा पोखरामा चैत २८ गते सुरु भएको प्रतियोगितामा ५ टिमको सहभागिता रहेको अध्यक्ष थापाले बताए । विजयी खेलाडीहरुलाई भारतीय पेन्सन क्याम्पका सिनियर कर्णेल पदम बहादुर गुरुङ, नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष, गण्डकी खेलकुद परिषद सदस्य सचिव तेज गुरुङ लगायतले पुरस्कार वितरण गरे ।

# बाँझो जग्गा सदुपयोग गरी बाखापालन

पोखरापत्र संवाददाता

बागलुङ, ३० चैत

बागलुङको ताराखोला गाउँपालिका-३ श्याम खर्क आसपासका ५८ घरमध्ये अधिकांशमा ताल्चा लागेको छ । बसाइँसराइको प्रभाव परेको उक्त गाउँमा पाँच/सात घरमा मात्रै बसोबास छ ।

उजाडिएको गाउँबाट अध्ययनका लागि विदेश जाने योजना बनाउनुभएका ३५ वर्षीय मेखबहादुर थापा अहिले बाखापालनमा लाग्नुभएको छ । श्यामखर्कमा बसाइँसराइका कारण धेरै जग्गा बाँझो छ । धौलागिरि क्याम्पसबाट दश जोड दुई उत्तिर्ण गर्नुभएका थापाले विदेशमा अध्ययन गर्ने सपना पूरा नभएपछि काठमाडौँस्थित टोखामा दुई वर्ष कुखुरापालन गर्नुभयो ।

विसं २०७२ को भूकम्पपछि काठमाडौँको कुखुरापालन छोडेर उहाँ बाखापालन गर्न गाउँ फर्किनुभएको हो । अहिले थापाले घुम्टे हिल पशुपन्छी फार्ममार्फत बाखापालन गरिरहनुभएको छ । अब उहाँको कुखुरापालन गर्ने योजना छ ।

"गाउँको बाँझो जग्गा देखेर बाखा पाल्ने सोच बनाए", थापाले भन्नुभयो, "गाउँमै केही गर्ने सोच पलायो ।" बसाइँसराइले गाउँ नै उजाडिँदा बारी सबै बाँझो थियो । खेती गर्न धेरै जनशक्ति चाहिने भएपछि बाखापालनमा हात हालेको उहाँको भनाइ छ । अहिले उहाँ फार्म विस्तारमा लाग्नुभएको छ । अहिले थापाको फार्ममा सानाठूला गरेर १२५ बाखा र बोका छन् । थापाले नाफालाई ध्यान नदिई लगानी वृद्धिमा जोड दिनुभएको छ । उहाँले तीन वर्षअघि ३५ बाखाबाट व्यवसाय सुरु गर्नुभएको हो । गाउँको बाँझो जग्गाको सदुपयोग गर्दै आयआर्जन बढाउन बाखापालनमा लगानी गरेको उहाँ बताउनुहुन्छ । "हालसम्म रु ३० लाख लगानी गरिसकेको छु", उहाँले भन्नुभयो ।

ताराखोला गाउँपालिकाले बाखापालनलाई प्रवर्द्धन गर्न रु नौ लाख अनुदान उपलब्ध गराएको थापाले बताउनुभयो । उहाँले सो रकमबाट फार्म विस्तार र बोयर बोका खरिद गर्नुभएको छ । "गाउँ उजाडिँदै गयो, सेवा सुविधा, अध्ययन र रोजगारीका लागि गाउँ छोड्नेहरू बढे, त्यसैलाई आफूले अवसरका रूपमा लिएर बाखापालन गर्ने सोच बनाएर गाउँ फर्के", थापाले भन्नुभयो ।

व्यवसायमा उहाँलाई भाइ रिमबहादुरले सहयोग गरिरहनुभएको छ । आफ्नै ६० रोपनी र अन्य घर छोडेर गएका चार परिवारको ७० रोपनी जग्गामा थापाले बाखा चराउने र घाँस काट्ने गर्नुभएको छ । सामुदायिक वनमा समेत बाखा चराउने गरेको थापाले बताउनुभयो । "बजारको समस्या छैन, बाखा खरिद गर्न व्यापारी फार्ममै आउने गरेका छन्", उहाँले भन्नुभयो । चरन क्षेत्र प्रशस्त भएको श्याम खर्कमा बाखापालनको सम्भावना अत्यधिक छ ।

# कूटनीतिक सम्बन्ध राख्ने मुलुकको सङ्ख्या १७६

रासस

पोखरा, ३० चैत

नेपाल र क्यारिबियन मुलुक बेलीजबीच कूटनीतिक सम्बन्ध स्थापना भएपछि नेपालसँग कूटनीतिक सम्बन्ध राख्ने मुलुकको सङ्ख्या १७६ पुगेको छ । नेपाल र बेलीजबीच यही अप्रिल १ तारिखमा दुवै मुलुकका संयुक्त राष्ट्रसङ्घका लागि राजदूत/स्थायी प्रतिनिधिले सोसम्बन्धी संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता सेवा लम्सालले नेपालसँग दौत्य र कूटनीतिक सम्बन्ध भएका मुलुकको विस्तारले अन्तर्राष्ट्रियरूपमा नेपालको छवि थप फराकिलो भएको उल्लेख गर्नुभयो । यसैगरी प्रधानमन्त्री देउवाले गत मार्च ३० मा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) को पाँचौं शिखर सम्मेलनलाई भर्चुअल सम्बोधन गर्नुभएको थियो ।

# टप्समा सम्मान तथा बिदाई

निर्मला नेपाली

पोखरा, ३० चैत

पोखरा-१० रामघाटमा अवस्थित टप्स इङ्लिस बोर्डिङ स्कुलले कक्षा १२ का विद्यार्थीहरुलाई सम्मान तथा बिदाई कार्यक्रम बुधबार सम्पन्न गरेको छ ।

लिटिल स्टेप स्कुल तथा लिङ्कन इन्टरनेसनल कलेजकी संस्थापक शेरबहादुर गुरुङको आतिथ्यतामा विद्यालय प्राङ्गणमा कक्षा ११ को आयोजनामा भएको कार्यक्रममा कक्षा १२ का विद्यार्थीहरुलाई टीका, खादासहित मायाको चिनो प्रदान गरी सम्मान तथा बिदाई गरिएको थियो । कक्षा ११ विज्ञान संकायकी हिरा खत्रीले स्वागत मन्तव्य राखेको सो कार्यक्रममा दश जोड दुई संयोजक निर्मल सोती, सह प्रचार्य चित्रकुमार गुरुङसँगै लिटिल स्टेप स्कुल तथा लिङ्कन इन्टरनेसनल कलेजकी संस्थापक प्रिन्सिपल पम्फा गुरुङले शुभकामना राखेका थिए । कक्षा ११ र १२ का विद्यार्थी र शिक्षकहरुको उपस्थिति रहेको कार्यक्रममा बोल्दै कार्यक्रमका सभाध्यक्ष तथा विद्यालयका संस्थापक प्राचार्य रत्नमान गुरुङले आफ्नो लक्ष्य प्राप्तिमा सदैव लागेर अभिभावकको सपना साकार गर्न अनुशासित भएर अध्ययनमा लाग्न विद्यार्थीहरुलाई सुझाउँदै उच्च शिक्षासँगै सुखद भविष्यको शुभकामना दिए ।

विद्यार्थीहरुले विविध सांस्कृतिक प्रस्तुति राखेको सो कार्यक्रममा कक्षा १२ को तर्फबाट आँगन थापामगर ले धन्यवाद ज्ञापन गरेकी थिइन् । कार्यक्रमको सञ्चालन कक्षा ११ का विद्यार्थीहरुसँगै संस्थापक पुरस्कृत गुरुङले गरेको विद्यालयका मिडिया संयोजक गोपाल खनालले दिए । कक्षा नर्सरीदेखि १२ सम्म सञ्चालित विद्यालयमा विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापन विषयमा दिवा सत्रमा पढाइ हुँदै आएको छ ।

# बन्दीपुरमा १६०० रोपनीमा चक्लाबन्दी

पोखरापत्र संवाददाता

तनहुँ, ३० चैत

बन्दीपुर गाउँपालिकाले ससाना गह्राहरू मासेर चक्लाबन्दी गर्ने कार्यलाई तीव्रता दिएको छ । गाउँपालिकाले हालसम्म एक हजार ६ सय रोपनी क्षेत्रफलमा चक्लाबन्दी गरिसकेको छ ।

बन्दीपुर गाउँपालिका-१ र ३ वडामा जमिन चक्लाबन्दी गरिएको हो । वडा नं ३ मा एक हजार रोपनी र वडा नं १ मा ६ सय रोपनीमा चक्लाबन्दी गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । उक्त कार्यलाई निरन्तरता दिइने उहाँले बताउनुभयो । "कृषि क्षेत्रमा आधुनिकीकरण गरी आयआर्जनमा वृद्धि गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो ।

स-साना गह्रा र बारीमा गोरुले जोत्न गाह्रो हुने र गोरु पाल्ने चलन पनि विस्तारै हराउँदै जान थालेपछि जग्गा चक्लाबन्दीलाई प्राथमिकतामा राखिएको हो । जग्गा चक्लाबन्दी गरिएको क्षेत्रमा जोत्न र खेती लगाउन सजिलो होस् भन्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा किसानलाई हाते ट्र्याक्टर उपलब्ध गराइएको छ । किसानलाई ट्र्याक्टर, कुटानी-पिसानी मिललगायत ५२ थान कृषि औजार प्रदान गरिएको अध्यक्ष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाले रु १४ लाख मूल्य बराबरको किसानलाई कृषि औजार प्रदान गरेको छ ।"

जमिन चक्लाबन्दी गरेपछि त्यस क्षेत्रका किसान उत्साहित भएर खेती गर्न थालेका छन् । साना खेतबारीलाई डोजर लगाएर ठूला गह्रा बनाएपछि खेती लगाउन सजिलो हुनाका साथै आधुनिक कृषि औजार प्रयोग गरिँदा थोरै जनशक्तिले पनि धेरै काम गर्न सकिनेछ । चक्लाबन्दीमार्फत कृषि उत्पादनमा वृद्धि गरी खाद्यान्न बालीमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य रहेको गाउँपालिकाले जनाएको छ ।